## आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०७ जुलाई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- **ब्राजिलको रियो दि जेनेरियोमा जारी ब्रिक्स शिखर सम्मेलनको दोस्रो दिन आज पर्यावरण , कोप–३० र विश्व स्वास्थ्य सम्बन्धी सत्र हुनेछ ।**

- **आगामी जनगणनाको समयमा स्व-गणनाको लागि एक समर्पित वेब पोर्टल उपलब्ध हुनेछ। यो पोर्टल जनगणना-२०२७ को दुवै चरणका लागि उपलब्ध हुनेछ।**

- **राष्ट्रिय राजमार्ग 10 को बाघपुल नजिकै भसुवामा पहिरो गएको कारण आज साझ 6 बजेदेखि भोलि बेलुकी 6 बजेसम्म राजमार्ग -१० बन्द रहने भएको छ ।**

- **दक्षिण कोलकाता ल कलेज की एक छात्रा सित भएको दुस्कर्म मामिलामा पचिम बङ्गाल का राज्यपाल सीबी आनन्द बोस ले चिन्ता व्यक्त गर्नुभएको छ ।**

- **डा. महेश दाहाल द्वारा लिखित "पठनका केही पक्ष" कृतिको लोकार्पण कार्यक्रम सम्पन्न ।**

**ब्राजील -ब्रिक्स शिखर सम्मेलन प्रधानमंत्री नरेन्द्र मोदी**

ब्राजिलको रियो दि जेनेरियोमा जारी ब्रिक्स शिखर सम्मेलनको दोस्रो दिन आज पर्यावरण , कोप–३० र विश्व स्वास्थ्य सम्बन्धी सत्र हुनेछ । प्रधानमन्त्री नरेन्द्र मोदीले पर्यावरणीय कार्यप्रति भारतको गहिरो प्रतिबद्धता दोहोर्याउनु भएको छ । श्री मोदीले पृथ्वीको विकासका लागि भारतले गरेका प्रयासहरूको बारेमा पनि विस्तृत जानकारी दिनुहुनेछ। प्रधानमन्त्री श्री मोदीले अन्तर्राष्ट्रिय सौर्य गठबन्धन, आपदा रोधी बुनियादी ढाचा गठबन्धन, जैव ईंधन गठबंधन र बिग क्याट मिसनका पहलबारे पनि चर्चा गर्नुहुनेछ । सम्मेलनमा जलवायु वित्तपोषणमाथी विश्व नेताहरुको रुपरेखा को घोषणा गरिनेछ । सामाजिक रूपमा निर्धारित रोगहरूको उन्मूलनको लागि ब्रिक्स साझेदारी पनि शुरु हुनेछ। शिखर सम्मेलनबाट प्रधानमन्त्री मोदी ब्राजिलको राजधानी ब्रासिलियातर्फ प्रस्थान गर्नुहुनेछ । ५७ वर्षमा कुनै पनि भारतीय प्रधानमन्त्रीको यो पहिलो भ्रमण हो । ब्राजिल मा भारतीय राजदूत दिनेश भाटिया अनुसार प्रधानमन्त्रीको भ्रमणको क्रममा भोलि चार वटा सम्झौता पत्रमा हस्ताक्षर हुनेछ । यसमा आतङ्कवाद विरुद्ध लड्न सँगै काम गर्ने, गुप्त सुचनाहरुको आदान-प्रदान गर्ने र नवीकरणीय ऊर्जा र कृषि अनुसन्धानमा सहयोग समावेश रहेको छ।

**प्रधानमंत्री नरेन्द्र मोदी -आतंकवाद**

प्रधानमन्त्री नरेन्द्र मोदीले आतंकवाद आज मानवताले सामना गरिरहेको सबैभन्दा ठूलो चुनौती भएको बताउनु भएको छ ।उहाँले भन्नुभएको छ , आतङ्कवादी विरुद्ध प्रतिबन्ध लागू गर्न कुनै हिचकिचाहट गर्न नहुने र 'आतङ्कवादका पीडित र यसका प्रायोजकहरुलाई एउटै स्तरमा राख्न नहुने बताउनु भएको छ । ब्राजिलमा आज आयोजित ब्रिक्स शिखर सम्मेलनमा शान्ति र सुरक्षाको सत्रलाई सम्बोधन गर्नुहुदै उहाँले प्रधानमन्त्री श्री मोदीले २२ अप्रेलमा भएको पहलगाम आतंकवादी हमला भारतको आत्मा, पहिचान र गरिमा माथिको प्रत्यक्ष आक्रमण भएको बताउनु भएको छ । उहाँले प्रत्यक्ष वा परोक्ष रुपमा आतंकवादलाई समर्थन गर्ने देशहरुले यसको मूल्य चुकाउनु पर्ने बताउनु भएको छ । उहाँले अझ भन्नुभयो -ब्रिक्स राष्ट्रहरू एकजुट भएर आतङ्कवाद र यसमा जोड दिनेहरू विरुद्ध आवाज उठाउन आवश्यक छ। प्रधानमन्त्री श्री मोदीले संसारमा युद्ध र हिंसाका लागि

कुनै स्थान हुनुहुँदैन किनभने मानवजातिको प्रगति शान्तिपूर्ण र सुरक्षित वातावरणमा मात्र सम्भव रहेको र 'यो लक्ष्य पूरा गर्न ब्रिक्स राष्ट्रको निकै महत्वपूर्ण भूमिका रहेको बताउनुभएको छ ।

**आगामी जनगणना वेब पोर्टल**

आगामी जनगणनाको समयमा स्व-गणनाको लागि एक समर्पित वेब पोर्टल उपलब्ध हुनेछ। यो पोर्टल जनगणना-२०२७ को दुवै चरणका लागि उपलब्ध हुनेछ। भारतका रजिष्ट्रार जनरल र जनगणना आयुक्तले एक सामाजिक सञ्जाल पोस्टमा यो देशकै पहिलो डिजिटल जनगणना हुने बताएका छन् । अङ्ग्रेजी, हिन्दी र क्षेत्रीय भाषामा मोबाइल एप प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिनेछ । गणक र सुपरभाइजरले डाटा संकलनका लागि आफ्नो मोबाइल डिभाइस प्रयोग गर्नेछन् । जनगणना-2027 को लागी राजपत्र अधिसूचना बिगत महिना जारी गरिएको थियो । सबै राज्य र केन्द्र शासित प्रदेशहरूलाई आ-आफ्नो राज्यराजपत्रहरूमा अधिसूचना पुन: प्रकाशित गर्न र जनगणनाको लागि नोडल अधिकारीहरू नियुक्त गर्न भनिएको छ। जनगणना दुई चरणमा हुनेछ । पहिलो चरणमा आवास सूचीकरण र आवास गणना अप्रिल २०२६ देखि शुरु हुनेछ भने दोस्रो चरणमा जनगणना गरिनेछ।

**उपराष्ट्रपति जगदीप धनखड़- केरला भ्रमण**

उपराष्ट्रपति जगदीप धनखड़ले लोकतन्त्रका तीन खम्बा न्यायपालिका, विधायिका र कार्यपालिकाबीच सन्तुलन कायम गर्नुपर्ने कुरामा जोड दिनुभएको छ । श्री धनखडले भन्नुभयो - 'हरेक संस्था आ–आफ्नो क्षेत्रमा सर्वोपरि हुन्छ र एउटाले अर्को संस्थामाथि गरेको हस्तक्षेप लोकतन्त्रका लागि खतरनाक हुन सक्छ । केरलाको कोच्चिस्थित नेसनल युनिभर्सिटी अफ एड्भान्स्ड लिगल स्टडिजका विद्यार्थीसँग आज बातचित गर्नुहुदै उपराष्ट्रपति श्री धनखड़ले शान्ति र सद्भावमा आधारित विश्व निर्माणका लागि भारतले महत्वपूर्ण भूमिका खेल्नु पर्ने कुरामा जोड दिनुभएको छ । उपराष्ट्रपति श्री धनखड़ले दुई दिवशीय केरला भ्रमणमा हुनुहुन्छ ।

**राष्ट्रिय राजमार्ग 10-बन्द**

राष्ट्रिय राजमार्ग 10 को बाघपुल नजिकै भसुवामा पहिरो गएको कारण आज साझ 6 बजेदेखि भोलि बेलुकी 6 बजेसम्म राजमार्ग -१० बन्द रहने भएको छ । राष्ट्रिय राजमार्ग एव पूर्वाधार विकास निगम लिमिटेड ( एन एच आइ डी सी एल )ले आज एक सुचना जारी गर्दै सुरक्षा लाई ध्यानमा राख्दै सेभोक देखि रम्फू सम्म सबै प्रकारको बाहनहरुको आउजाउ ठप रहने जनाएको छ ।

**दक्षिण कोलकाता ल कलेज -दुस्कर्म**

दक्षिण कोलकाता ल कलेज (नयाँ क्याम्पस) की एक छात्रा सित भएको दुस्कर्म मामिलामा कलेजका उप प्राचार्य नयना चटर्जीको उपस्थितिलाई लिएर प्रश्न खडा भएको छ । उपस्थिति रजिष्टरमा उनले गरेको हस्ताक्षरलाई लिएर पुलिसको जाच नयाँ दिशामा अघि बढेको छ । ।यसै सन्दर्भमा पुलिसले हालै कलेजबाट तीन वटा महत्वपूर्ण कागजपत्रहरू जफत गरेको छ । घटना का मुख्य आरोपी मनोजित मिश्र माथी पुलिसले छानबिन गरिरहेको छ । यस घटनामा आफ्नो मौनता तोड्नुहुदै पश्चिम बङ्गालका राज्यपाल सीभी आनन्द बोस ले गहिरो चिन्ता व्यक्त गर्नुभएको छ । उहाँले स्पष्ट शब्दमा भन्नुभएको छ कानून सर्वोच्च छ र शैक्षिक संस्थानहरूलाई असामाजिक तत्वहरूको केन्द्र बन्नबाट रोक्नुपर्छ।

**भाजपा -बिजनबारी -ज्ञापन**

भारतीय जनता पार्टी बिजनबारी खण्ड समितिको एक प्रतिनिधि मण्डलले विभिन्न समस्याहरु लिएर आज दार्जिलिङ पुलबजार खण्ड बिकास अधिकारीसित शिष्टाचारपूर्ण भेटघाट गरेको छ। भाजपा जिल्ला उपाध्यक्ष एलएम लामाको नेतृत्वमा गएको प्रतिनिधिहरुले खण्ड बिकास अधिकारी एकजना कार्यकारी अधिकारी भएको हैसियतमा पञ्चायत समिति र ग्राम पञ्चायतहरुमा हुने विकासका योजनाहरुमा सरकारी विधिलाई पूर्णतया अनुपालन गर्नुपर्ने, पक्षपात बन्द हुनुपर्ने, सयदिने रोजगार शुरु हुनुभन्दा अगावै जबकार्ड नभएकाहरुका जबकार्ड बनाइसक्नुपर्ने, विकास योजनाको टेण्डरमा निम्नतम दर हुनुपर्ने, पञ्चायतका

कामहरु जनपक्षीय र सहज हुनुपर्ने, सांसद लगायत केन्द्रीय सरकारबाट स्वीकृत धनराशिहरुले हुने योजनाहरु भ्रष्टाचार रहित हुनुपर्ने, कुनै पनि योजनाबाट ठेकादार वा एजेन्सीलाई मात्रै फायदा होइन जनतालाई फायदा पुग्नुपर्ने विषयहरुमाथि विस्तृत चर्चा भएको प्रतिनिधि टोलीले बताएको छ।

**खस भारतीय हितकारी सम्मेलन- सभा**

नयाँ पिडाहरुलाई आफ्नो संस्कार-संस्कृति लगायतको जानकारी गराउने सगै लोपोन्मुख जातीय परम्पराहरुलाई समाज सामु ल्याउने प्रमुख उदेश्यको साथमा खस भारतीय हितकारी सम्मेलन छोटा पुबोङ शाखाको द्वयबार्षिक अधिवेशन हिज सम्पन्न भएको जानकारी प्राप्त भएको छ । सुकियापोखरी जोरबङलो खण्ड अधिनस्त छोटा पुबोङ स्थित छेत्री गाउँ प्राथमिक पाठशाला भवनमा आयोजित कार्यक्रममा खस भारतीय हितकारी सम्मेलन केन्द्रिय समिति सदस्य शिव प्रसाद मैनाली प्रमुख अथितिको रूपमा उपस्थित हुनुहुन्थ्यो ।

**सिलगढ़ी- नयाँ प्रसुति अस्पताल**

सिलगढ़ीमा चाँड़ै नै अत्याधुनिक नयाँ प्रसुति अस्पताल निर्माण हुन गइरहेछ। यो नयाँ अस्पताल ३० बेडको हुने र यसमा धेरै आधुनिक सेवाहरू उपलब्ध रहने बताइएको छ।सिलगढ़ीका मेयर गौतम देवले अस्पतालमा ईसीजी, अल्ट्रासाउन्ड, ब्लडब्यांक अनि फार्मेसी चौबीसै घण्टा खुला रहने बताए। यस नयाँ अस्पतालमा डाक्टरहरूका लागि आवासको पनि व्यवस्था गरिने तिनले जनाए।यो नयाँ पहलले आम नागरिकलाई उचित चिकित्सा सेवा सजिलै र कम खर्चमा प्राप्त हुने आशा गरिएको छ।

**बागडोग्रा -दुर्घटना**

आँप लादिएको पिकअप भ्यान र लरी आपस्तमा ठोक्किएर एक जना मानिसको मृत्यु भयो भने दुई जना मानिसहरू गम्भीर रूपमा घाइते भएका छन् । घटना आज बिहान बागडोगराको सन्यासी चिया बगानस्थित दुई नम्बर एशियन हाइवेमा भएको हो। मृतकको पहिचान बिहार निवासी गुड्डु कुमार यादवको रूपमा भएको छ।प्राप्त जानकारी अनुसार एउटा पिकअप भ्यान बिहारदेखि आँप लिएर सिलगढ़ीतर्फ आइरहेको थियो। सन्यासी चिया बगान क्षेत्रमा पुगेपछि विपरीत दिशाबाट आइहेको लरीसित ठोक्किए पछि पिकअप पूर्ण रूपले क्षतिग्रस्त भयो जसमा सवार एक जना व्यक्तिको घटनास्थलमै मृत्यु भयो भने दुई जना गम्भीर रूपमा घाइते भए। घटनापछि लरी चालक भाग्न सफल बनेको जानकारी प्राप्त भएको छ । अर्कोतिर पुलिसले घटनाको जाँच शुरू गरेको छ।

**डा. महेश दाहाल-कृति लोकार्पण**

आज एक कार्यक्रम माझ घुम जोरबङलो महाबिधालयका प्राध्यापक डा. महेश दाहाल द्वारा लिखित "पठनका केही पक्ष" कृतिको विधिवत रूपमा लोकार्पण गरियो। घुम जोरबङलो महाबिधालको प्रेक्षागृहमा प्रा. चन्दन थापाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रा. हिमान्जली तामाङ, प्रा. विशाल विश्वकर्मा, प्रा. सुन्दर तामाङ लगायत अन्य उपस्थित हुनुहुन्थ्यो । सर्जक डा. दाहालको हालसम्म दशवटा कृतिहरु प्रकाशित भईसकेका छन् ।

*************